कार्यपालिकाको ५५ औं बैठकका निर्णयहरु (२०७८।१२।१६)

निर्णय नं.१

पोखरा महानगरपालिकाले महानगर क्षेत्रबाट उत्सर्जन हुने फोहोर वडा नं. १४ को बाच्छेबुडुवा स्थित ल्याण्डफिल्ड क्षेत्रमा व्यवस्थापन गर्दै आएको छ । सोही वडाको छिनेडाँडामा निर्माण सम्पन्न भएको पोखरा अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल नजिक भएकाले विमान संचालनको लागि ल्याण्डफिल साइट अन्यत्र सार्न अत्यावश्यक भएकोले नगर सभाको १० औं बैठकले पोखरा महानगरपालिका वडा नं. ३३ साविक भरतपोखरी वडा नं. ५ र ६ स्थित टिउरपाटा भन्ने स्थानमा रहेको सार्वजनिक जग्गा एवं निजी जग्गा प्राप्त गरी ल्याण्डफिल्ड साइट निर्माण गर्ने निर्णय गरे अनुसार उक्त स्थानमा रहेको अन्दाजी १०० रोपनी सार्वजनिक जग्गा उपयोग गर्न एवं छेउछाउमा र बीचमा रहेका/घुसेका देहायका कित्ता बमोजिमको निजी जग्गा अधिग्रहण गर्न आवश्यक भएको र सोको लागि चालु आ.व. मा दुई करोड बजेट विनियोजन समेत भएकाले जग्गा प्राप्तीको लागि नेपाल सरकार सँग सहमती माग गर्ने ।

सि.नं.	जग्गा धनीको नाम	जग्गा रहेको स्थान	कि. नं.	क्षेत्रफल रोपनी
१	नन्द कुमारी आचार्य	साविक भरतपोखरी-६	५८७	०-१३-१-२
२	रत्न कुमारी घर्ती	साविक भरतपोखरी-६	५७९	०-५-०-३
३	शेर बहादुर गुरुङ्ग	साविक भरतपोखरी-६	७४०	०-१५-३-०
४	शेर बहादुर गुरुङ्ग	साविक भरतपोखरी-६	७४४	१-४-०-२
५	टिका श्री गुरुङ्ग	साविक भरतपोखरी-६	७४१	१-१०-३-१
६	टिका श्री गुरुङ्ग	साविक भरतपोखरी-६	७३४	४-१३-०-१
७	नन्दलाल शर्मा	साविक भरतपोखरी-६	५८२	०-६-०-२
८	यज्ञ प्रसाद आचार्य	साविक भरतपोखरी-६	५८५	०-८-३-१
९	सोम बहादुर गुरुङ्ग	साविक भरतपोखरी-६	७४२	१-२-०-३
१०	नर बहादुर गुरुङ्ग	साविक भरतपोखरी-६	७४३	०-१५-१-३
११	धन बिर शाही	साविक भरतपोखरी-६	७४५	३-१५-०-३
१२	विष्णु प्रसाद आचार्य	साविक भरतपोखरी-६	५७५	०-५-०-३
१३	विष्णु प्रसाद आचार्य	साविक भरतपोखरी-६	८६९	०-५-१-३
१४	नन्दलाल अचार्य	साविक भरतपोखरी-६	५७८	०.४.३.०
१५	चेत बहादुर गुरुङ्ग	साविक भरतपोखरी-६	५८१	०.४.३.२
१६	नन्दा देवी थापा	साविक भरतपोखरी-६	५८०	०.५.२.३
१७	विष्णु प्रसाद आचार्य	साविक भरतपोखरी-६	५८६	१.१.२.२
१८	विष्णु प्रसाद आचार्य	साविक भरतपोखरी-६	८७०	०.१०.०.०
१९	विष्णु प्रसाद आचार्य	साविक भरतपोखरी-६	८६६	०.५.३.०
२०	विष्णु प्रसाद आचार्य	साविक भरतपोखरी-६	५७६	०.६.१.१
२१	देबकी आचार्य	साविक भरतपोखरी-६	८७१	०.११.१.०
२२	देबकी आचार्य	साविक भरतपोखरी-६	८६८	०.५.१.३
२३	देबकी आचार्य	साविक भरतपोखरी-६	८६७	०.५.३.०
२४	विष्णु कुमारी आचार्य	साविक भरतपोखरी-६	८४९	०.१४.२.२

२५	विष्णु कुमारी आचार्य	साविक भरतपोखरी-६	५७४	०.०.२.२
२६	विष्णु कुमारी आचार्य	साविक भरतपोखरी-६	८४८	०.१४.२.२
२७	ढाकाराम शर्मा वस्ताकोटी	साविक भरतपोखरी-५	१४१३	२.१५.१.१
२८	ढाकाराम शर्मा वस्ताकोटी	साविक भरतपोखरी-५	१४१५	५.७.३.२
२९	हरि प्रसाद बस्ताकोटी	साविक भरतपोखरी-५	१४१४	६.२.२.२
३०	हरि प्रसाद बस्ताकोटी	साविक भरतपोखरी-५	१४१६	२.४.२.०
३१	रुद्र बहादुर सुनार	साविक भरतपोखरी-५	८३७	५.२.३.०
३२	रुद्र बहादुर सुनार	साविक भरतपोखरी-५	८३८	५.८.०.१
३३	रुद्र बहादुर सुनार	साविक भरतपोखरी-५	८४०	११.१५.१.२
३४	सुशिल लम्साल समेत	साविक भरतपोखरी-५	८६८	२.२.१.०
३५	सुशिल लम्साल समेत	साविक भरतपोखरी-५	८३२	०.८.२.०
३६	भोजराज लम्साल	साविक भरतपोखरी-५	८६९	०.९.३.३
३७	तिलाराम लम्साल	साविक भरतपोखरी-५	८६७	०.११.३.१
३८	भूपतिश्वर लम्साल	साविक भरतपोखरी-५	८३३	१.१३.०.१
३९	भूपतिश्वर लम्साल	साविक भरतपोखरी-५	८३१	१.१३.०.२
४०	मधुमाया लम्साल	साविक भरतपोखरी-५	८२९	०.८.०.३
४१	मधुमाया लम्साल	साविक भरतपोखरी-५	८३४	०.५.२.३
४२	मधुमाया लम्साल	साविक भरतपोखरी-५	८३०	३.५.२.०
४३	थानेश्वर लम्साल	साविक भरतपोखरी-५	८४१	३.१३.०.०
४४	धनपति लम्साल	साविक भरतपोखरी-५	८४२	३.५.१.१
४५	जयराम आचार्य	साविक भरतपोखरी-६	५८३	०.७.२.०

निर्णय नं.२

पोखरामहानगरपालिकाको सार्वजनिक-निजी साझेदारी ऐन, २०७५ अनुसार कार्यान्वयनमा गएका आयोजनाहरुमा देहाय अनुसार गर्ने ।

(क) सार्वजनिक-निजी साझेदारी अवधारणामा प्रस्ताव आव्हान गरिएको प्रस्ताव नं. १/सानिसा/०७७/०७८ को पोखरा महानगरपालिका वडा नं. ९, १० र ११ मा अवस्थित "रामघाट क्षेत्रमा सेती नदीमा स्थायी ड्याम निर्माण गरी नदीजन्य सामग्री संकलन, प्रशोधन र निकासी" गर्ने सम्बन्धी आयोजनाको सम्बन्धमा छलफल हुँदा महानगरपालिकाका स्वयंले वातावरणीय अध्ययन र विस्तृत सम्भाव्यता अध्ययन गर्ने र प्राप्त स्वीकृत प्रतिवेदनका आधारमा आयोजना कार्यान्वयनको बाँकी प्रक्रिया अगाडी बढाउने ।

(ख) सार्वजनिक-निजी साझेदारी अवधारणामा प्रस्ताव आव्हान गरिएको प्रस्ताव नं. २/सानिसा/०७७/०)७८ पोखरा महानगरपालिका वडा नं. २७ मा अवस्थित "मोरे खहरे क्षेत्रमा सेती नदीमा स्थायी ड्याम निर्माण गरी नदीजन्य निर्माण सामग्री संकलन, प्रशोधन र निकासी" गर्ने सम्बन्धी आयोजनाको सम्बन्धमा सानिसा इकाईबाट प्रस्तावित सम्झौताको शर्तहरु बमोजिम आयोजना कार्यान्वयन हुने गरी सम्झौता गर्न स्वीकृति दिने । सम्झौता अनुसूची-१ मा संलग्न छ ।

(ग) फेवातालको स्रोत नदीमा बनेका सिल्ट्रेसन ड्यामको मर्मत संभार एवं थप निर्माण कार्य गरी नदीजन्य सामग्री उत्खनन, प्रशोधन र निकासी गर्नका लागि फेवा सिल्ट्रेसन प्रा.लि. र यस महानगरबीच मिति २०७८।०२।१७ गते सम्पन्न भएको सम्झौताको दफा ३(झ) बमोजिम उक्त प्रा.लि.ले तयार गरी पेश गरेको Detail Project Report (DPR) का सम्बन्धमा यस कार्यालयको मिति २०७८/११/१२ को निर्णय अनुसार गठित प्राविधिक समितिले DPR Review गरी पेश गरेको प्रतिवेदन अनुसारका सुझाव DPR मा समावेश गरी परिमार्जन सहितको DPR स्वीकृत गर्ने निर्णय गरियो साथै कार्यपालिकाबाट रोयल्टी रकममा वार्षिक वृद्धि ३ प्रतिशत हुने गरी स्वीकृत भएकोमा सम्झौतामा अन्यथा भएकोले कार्यापालिकाको पूर्व स्वीकृती बमोजिम रोयल्टी रकम परिमार्जनका साथै सानिसा समितिको मिति २०७८/०९/१२ बाट निर्णय भई सिफारिस अनुसार सम्झौता संशोधन गर्ने । सम्झौता संशोधित विवरण अनुसूची-२ मा संलग्न छ ।

(घ) सार्वजनिक निजी साझेदारी अवधारणामा प्रस्ताव नं.४/सानिसा/०७६–०७७, फेवातालमा Water Sports सम्बन्धी आयोजनाका सम्बन्धमा प्रस्तावदाता श्री अतिथि रिसोर्ट एण्ड स्पा प्रा.लि. ले परिमार्जित प्रतिवेदन पेश गरेको सम्बन्धमा बाँकी प्रक्रिया अगाडि बढाउन निर्देशन दिने ।

निर्णय नं.३

पोखरा महानगरपालिका वडा नं. १७ को गुप्तेश्वर क्षेत्रको घरजग्गाको मापदण्ड २०७२ बैशाख १२ गते आएको भूकम्प अघि ७५ मिटर रहेकोमा नेपाल सरकारबाट सो मापदण्ड २०० मिटर कायम भएकोले उक्त क्षेत्रका सयौं घरपविारको २०७२ साल अघि बनेका घर सहितको सम्पूर्ण जग्गा २०० मिटर मापदण्ड भित्र परेको हुँदा निजहरुको घर/जग्गा लेनदेन, अंशबण्डा, बैंकिङ्ग एवं घरायसी व्यवहार लगायतका कारोवार रोक्का भई जीवन कष्टकर भएको स्थानीयहरुको गुनासो एवं सम्बन्धित वडाबाट समेत सिफारिस भई आएकोले उक्त क्षेत्रको भू-बनोट समेतलाई अध्ययन गरी मापदण्ड परिमार्जन गर्न शहरी विकास मन्त्रालयमा अनुरोध गर्ने ।

निर्णय नं.४

चालु आ.व. मा स्वीकृत बजेट तथा कार्यक्रममा रहेका देहायका योजनाहरु यस वर्ष काम सम्पन्न हुन नसक्ने भएकोले नियमानुसार बहुवर्षीय ठेक्का प्रक्रियाद्वारा खरिद कार्य अघि बढाउने ।

सि. नं.	योजनाको नाम	चालु आ.व.मा विनियोजित रकम	लागत अनुमान	कैफियत
१	ओर्लाङ्गखोला पुल निर्माण वडा नं. १८	१,००,००,०००।००	१,३८,४३,३६०।४६	
२	खत्रीपहरो खोलाबेसी सडक वडा नं. ३१	२,५०,०००००।००	२,५०,००,०००।००	प्रक्रिया अघि बढेकोले अनुमोदन गर्ने
३	हाडीखोलामा पुल निर्माण वडा नं. २३	१ करोड	३ करोड २८ लाख	

४	वी.पी. मार्ग छ बीसेमा स्थानीय बसपार्क एवं ड्रेन निर्माण वडा नं. १४	१ करोड	१ करोड	
५	थाक खानेपानी योजना वडा नं. २६, २८, ३१	७३,६४,२८९।८०	२ करोड ५० लाख	
६	वडा कार्यालय भवन निर्माण वडा नं. ५, २७ र १४	२ करोड २५ लाख		बजेट रकम अन्य वडा भवनका लागि समेत भएको
७	घट्टेखोला चितेपानी कल्भर्ट कन्स्ट्रक्सन पोखरा १९		४९९९८७२।५३	प्रक्रिया अघि बढेकोले अनुमोदन गर्ने
८	फेवाताल सेरोफेरो पदमार्ग निर्माण वडा नं. ६	१ करोड ५० लाख		
९	बि पि मार्गमा कल्भर्ट निर्माण वडा नं. १३	५० लाख		प्रक्रिया अघि बढेकोले अनुमोदन गर्ने
१०	काहुँखोला सडक पूर्वाधार तयार वडा नं. ११	७५ लाख		

निर्णय नं. ४

पोखरा महानगरपालिका भित्र पोखराको पहिचान र नेपालकै गौरवका रुपमा रहेको फेवातालको मापदण्ड सम्बन्धमा विगत लामो समय देखि बिभिन्न निकायबाट अध्ययन एवं निर्णय भएको, बिभिन्न कार्यदलहरु गठन भई सुझाव सहितका प्रतिवेदन प्राप्त भएको अवस्था छ। मापदण्ड निर्धारणका सम्बन्धमा नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारको समेत ध्यान र चासो रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११•को उपदफा (२) को खण्ड (ञ) को उपखण्ड (१२) मा **वातावरण संरक्षण र जैविक विविधतता सम्बन्धि स्थानीय नीति कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन र नियमन गर्न, मापदण्ड निर्धारण गर्ने** जिम्मेवारी स्थानीय सरकारलाई दिएको पाइन्छ। तालको यकिन मापदण्ड निर्धारण नहुँदा र विभिन्न समयमा विभिन्न निकायबाट मापदण्ड निर्धारण गर्ने एवं जग्गा रोक्का राख्ने निर्णय हुदाँ स्थानीय जनताहरु घर/जग्गाको लेनदेन, अंशवन्डा, उपयोग गर्नबाट बञ्चित भएका छन। प्रचलित कानून बमोजिम विविध पूर्वाधार निर्माण/सीमांकन लगायतका कार्यको नियमन एवं कारवाही गर्न र कानुन उल्लंघनकर्ताको अन्त्य गर्न सकिएको छैन। फेवातालको प्राकृतिक स्वरुप र संरचनाको संरक्षण गर्न, अतिक्रमण रोक्न, यसको

सुन्दरता एवं खुला क्षेत्रलाई कानून बमोजिम हस्तक्षेप मुक्त गर्न र पर्यावरण एवं जैविक विविधताको जगेर्ना गर्न शीघ्र मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्न आवश्यक भएको छ । सम्मानित सर्वोच्च अदालतको मिति २०७५/१/१६ को फैसला अनुसार पोखरा महानगरपालिका, पोखरा उपत्यका नगर विकास समिति र राष्ट्रिय ताल संरक्षण समितिको समन्वयमा फेवातालको मापदण्ड निर्धारण गर्ने आदेश भएको र यसै बीच हालसम्मका विभिन्न कार्यदलका प्रतिवेदन, विभिन्न निकायका निर्णय, सम्मानित सर्वोच्च अदालतको निर्णय/फैसला एवं स्थानीय नागरिकको भनाइ समेत अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यपालिकाको ५३ औं बैठकले वडा नं. १७ का वडाध्यक्ष श्री तिर्थराज अधिकारीको अध्यक्षतामा कार्यदल गठन गरेको थियो । सो कार्यदलको प्रतिवेदन समेतका आधारमा फेवातालको सीमाना (अधिकार क्षेत्र) बाट चारैतिर ३० (तीस) मिटर मापदण्ड प्रस्ताव गरी पोखरा उपत्यका नगर विकास समिति एवं राष्ट्रिय ताल संरक्षण समितिसँग राय सुझाव माग गरी पठाउने र सो समेतलाई समेटी मापदण्ड कार्यान्वयन गर्ने ।

निर्णय नं. ६

पोखरा महानगरपालिका लेखनाथ क्षेत्रमा रहेका देहायका तालहरुको मापदण्डको विषयमा छलफल हुँदा विभिन्न कार्यदलले मापदण्ड निर्धारण सम्बन्धी गरेका अध्ययन प्रतिबेदन, तालको वस्तुगत अवस्था र स्थानीय नागरिकहरुको गुनासो समेत अध्ययन गरी प्रतिबेदन पेश गर्न कार्यपालिकाको ४३ औं बैठकद्वारा भूगर्भबिद डा. सोमनाथ सापकोटाको संयोजकत्वमा गठित कार्यदलको प्रतिबेदनको सिफारिस, स्थानीय बासिन्दाहरुको अभिमत समेतको आधारमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ञ) को उपखण्ड (१२) ले दिएको अधिकार बमोजिम तपसिल तालको सिमाना (अधिकार क्षेत्र) बाट मापदण्ड निर्धारण गर्न प्रस्ताव गरी पोखरा उपत्यका नगर विकास समिति र राष्ट्रिय ताल संरक्षण समिति सँग राय सुझाव माग गरी पठाउने र सो समेतलाई समेटी मापदण्ड कार्यान्वयन गर्ने ।

सि.नं.	तालको नाम	प्रस्तावित मापदण्ड	कैफियत
१	वेगनाश ताल	५५ मिटर	
२	रुपा ताल	५५ मिटर	
३	खाप्टे ताल	२० मिटर	
४	दिपाङ ताल	२० मिटर	
५	मैदी ताल	२० मिटर	
६	न्यूरेनी ताल	२० मिटर	
७	गुदे ताल	२० मिटर	

निर्णय नं.७

पोखरा महानगरपालिका वडा नं. २४ मा रहेको साविक कास्कीकोट गा.वि.स. वडा नं ८ कि. नं. २२० क्षेत्रफल ७२४-५-३-३ जग्गा हाल पहरेपानी बास्थेल स्माली बेत्यानी सामुदायिक वन उपभोक्ता समुहले भोगचलन गर्दै आएको र सो मध्ये सार्वजनिक बाटो निकास अवरुद्ध नहुने गरी १०० रोपनी जग्गामा प्राचीन हिन्दुशास्त्रमा वर्णीत नेपाल बृन्दावन धाम निर्माण गर्न पूर्व बुकेखोला पश्चिम चोर बस्ने डाँडाको गल्छी उत्तर पानी ढलो दक्षिण वन सिमाना (तारवार) रहने यति चार किल्लाभित्रको १०० रोपनी जग्गा उक्त सामुदायिक वनको सहमतीका आधारमा वडा नं. २४ को च. नं. २१५९ मिति २०७८/१०/२६ को सिफारिस पत्र बमोजिम भोगाधिकारको लागि नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय लगायतका निकायमा सिफारिस गर्ने ।

निर्णय नं.८

पोखरा महानगरपालिका वडा नं. १८ मा संचालित अन्नपूर्ण केबलकार (Non Electric) को मापदण्ड निर्धारण सम्बन्धमा छलफल हुँदा प्राविधिक समितिको सिफारिस बमोजिम उल्लिखित केबलकारको मापदण्ड छेउ पट्टिको तारबाट ३ (तीन) मिटर कायम गर्ने ।

निर्णय नं.९०५

तत्कालिन पोखरा उप-महानगरपालिका र पोखरा ८ निबासी हरिराज सिग्देल बीच सडकको दायाँबायाँ अस्थायी व्यापार गर्नेहरुसँग बहाल बिटौरी शुल्क उठाउन र मासिक रुपमा दामासाहीले महानगरपालिकालाई रु. ६,५०,०००।- मात्र बुझाउने गरी २०५८ असार मसान्त सम्म एक वर्षका लागि मिति २०५७।०४।०१ मा ठेक्का सम्झौता भएकोमा सम्झौता अवधि भित्र रु. १,५६,०००।०० मात्र जम्मा गरी रु. ४,९४,०००।- बक्यौता रहेको । पछि मिति २०६४/११/२६ मा रु. ४,९६,०००।०० मात्र जम्मा गरेको । उक्त ठेक्का सम्झौता गर्दा जग्गा जमानी बापत साविक वडा नं. ८ को कि. नं. १०१८७ क्षेत्रफल ०-७-१-० को जग्गा रोक्का राखेको । ठेक्का शर्तमा तोकिएको व्यवस्था अनुसार लाग्ने जरिवाना सम्बन्धमा राजश्व परामर्श समितिको मिति २०७८/१२/१७ को सिफारिस अनुसार बाँकी साँवा रु. ३५८९३३।- असुली गरी मिति २०६४।११।२६ देखि हालसम्मको जरिवाना मिनाहा गर्ने र जग्गा फुकुवा गर्ने ।

निर्णय नं.१०

पोखरा महानगरपालिका खेलकुद विकास ऐन, २०७५ को दफा ३ बमोजिम महानगरपालिका खेलकुद विकास समिति गठन हुने व्यवस्था भएको र सो समितिलाई पूर्णता दिन मनोनित हुन बाँकी देहायका पदमा अध्यक्षको सिफारिसमा देहाय बमोजिम नियुक्ती गर्ने ।

ऐनको दफा ३(२) खण्ड "ख" बमोजिमको पदमा

उपाध्यक्ष- श्री राजेन्द्र जि.सी. पोखरा-२६

ऐनको दफा ३(२) खण्ड "ङ" बमोजिमको पदमा

सदस्य- भलिवल खेलाडी श्री ऋषि सरा थापा, पोखरा-१५

सदस्य- राष्ट्रिय खेलाडी श्री प्रिति बराल, पोखरा-७

सदस्य- राष्ट्रिय खेलाडी तथा प्रशिक्षक जीवन बाटाजु, पोखरा-४

ऐनको दफा ३(२) खण्ड "च" बमोजिमको पदमा

सदस्य- श्री दिनेशबाबु खडका, पोखरा-२८

सदस्य- श्री कुसुम गुरुङ्ग, पोखरा-१३

ऐनको दफा ३(२) खण्ड "छ" बमोजिमको पदमा

सदस्य- श्री भरत बानियाँ, पोखरा-९

ऐनको दफा ३(२) खण्ड "ज" बमोजिमको पदमा

सदस्य- श्री अनुप पौडेल, पोखरा-१७

निर्णय नं.१९

यस महानगरपालिकाले गत विगत आ.व.मा बहुवर्षिय ठेक्का सम्झौता भै कार्यान्वयनमा गएका योजनाहरुको शीर्षकमा बजेट विनियोजन हुन छुट भएको वा न्यून विनियोजन भएको देखिएकाले देहाय बमोजिम बचत हुन शीर्षकबाट रकमान्तर गरी भुक्तानी दिने र यसको कार्यान्वयन प्रमुख प्रशासकीय अधिकृतले गर्ने।

घटाउने

क्र.स.	पेज नं.	खर्च शिर्षक	योजनाको नाम	घटाउने रु.	कैफियत
१	८०(६२/६३)		ठुलदुङ्ग सुर्ताने सडक	रु. १ करोड	
२	८५ (१)		ओर्लाङ खोला पुल	७५ लाख	
३	८५ (३)		खुदी खोला पुल - १	७५ लाख	
४	८५ (४)		खुदी खोला पुल - २	७५ लाख	
५	८५ (५)		खहरे खोला पुल (कालिका क्याम्पस)	७५ लाख	
६	८६ (१६)		हाडी खोला पुल	७५ लाख	
७	८६ (१३)		लौरुक खोला पुल	७५ लाख	
८	८६ (१२)		भुंगेखोला पुल	७५ लाख	
९	८६		वडा न. ६ भवन निर्माण	७५ लाख	
१०	७८ (१९)		कात्रे वाम्दी घाँटीछिना सडक	४० लाख	
११	७९ (४२)		घाँटीछिना सिधाने पञ्चासे कनेक्टिंग सडक	५० लाख	
१२	८१ -९०)		पोखरा चक्रपथ सम्भाव्यता अध्ययन	५० लाख	
१३	८२ -१०५)		वीपी मार्ग नाला निर्माण	७० लाख	
१४			कोरोना लगायत विभिन्न सरुवारोग तथा महामारी नियन्त्रण कार्यक्रम	४५ लाख	
१५			स्वेच्छिक अवकाश	३६७५०००.००	
			जम्मा	९,९१,७५०००.००	

बढाउने

सि. नं.	योजनाको नाम	विनियोजित रकम	बढाउने रु.	कायम हुने जम्मा रु.
१	पर्यटन मार्गदेखि सिमाना मार्ग ढलान बाटो वडा १८	०	३,००,०००.००	३,००,०००.००
२	बेसीचोक धार्मी मैदान खण्ड फेदीसम्म वडा १९	०	३८,००,०००।००	३८,००,०००।००
३	सिक्लेसी कान्छाको घरबाट बंगुर खोर सम्म सडक निर्माण	३५,००,०००।००	१०,९०,०००।००	४५,९०,०००।००
४	जनप्रकाश मा.वि. मा ट्रस निर्माण	०	१२,६०,०००।००	१२,६०,०००।००
५	चापाकोट देवीस्थान सडक स्तरोन्नती	२२,००,०००।००	४५,०००।००	२२,४५,०००।००
६	मणिपाल अस्पताल साइडरोड मर्मत	०	६,९०,०००।००	६,९०,०००।००
७	पृथ्वी राजमार्ग देखि खल्याड सडक निर्माण वडा २९	०	१२,३०,०००।००	१२,३०,०००।००
८	बागलुंग बसपार्क कास्कीकोट सडक २,१८,२४	१,००,००,०००।००	१०९,०७,५८१।७८	२०९,०७,५८१।७८
९	अर्चलबोट ख रोड, पोखरा	०	१०,८७,१७७।९२	१०,८७,१७७।९२
१०	शिवालय थाप्ले तिलहार बाँसपानी चिलाउनेखर्क रोड, पोखरा २१	०	८९,००,०००।००	८९,००,०००।००
११	सोलार लाईट मर्मत	०	१४,७५,३५९।६४	१४,७५,३५९।६४
१२	आरुपाटा लामास्वारा सडक स्तरोन्नती	२५,००,०००।००	९३,१२५।३३	२५,९३,१२५।३३
१३	खराने सुर्के मैदान सडक	१,००,००,०००।००	६५,४७,३१६।८०	१,६५,४७,३१६।८०
१४	सर्वेस्वर मा.वि. मा पार्क निर्माण	०	१७,८५,०००।००	१७,८५,०००।००
१५	वगादी खोला मोटरेवल पुल	०	६२,३२,४९६।५३	६२,३२,४९६।५३
१६	बिजयपुर माझथाना सडक	१०,००,००,०००।०	३,००,५६,९४१।९९	१३,००,५६,९४१।९९
१७	सहरी सडक अस्फाल्ट ओभर ले योजना	७,००,००,०००।००	२,००,००,०००।००	९,००,००,०००।००
१८	भ्रमण खर्च		३७५०००.००	३७५०००.००
१९	पानी विजुली		५५०००.००	५५०००.००
२०	घरभाडा		१०,००००.००	१०,००००.००
२१	छाडा चौपाया व्यवस्थापन , होर्डिगबोर्ड तथा फुटपाथ व्यवस्थापन		७५०,०००.००	७५०,०००.००
२२	पत्रपत्रिका ,छपाई सूचना प्रकाशन		१०,००००.००	१०,००००.००
	जम्मा			९,९१,७५०००.००

निर्णय नं. १२

निम्न वडाको निम्न योजनाका उपभोक्ताले भुलले जनसहभागिता वापतको रकम महानगरपालिकाको खातामा जम्मा गरेको हुनाले विविध शीर्षकबाट निर्णय गराई फिर्ता गर्ने।

योजनाको नाम	महानगरपालिकाको खातामा जम्मा रु.	जम्मा भएको मिति
एकता टोलबाट वगादी जाने बाटो ढलान वाड नं. २७	८२,०००।००	२०७८।१२।१६
बालन नाचको लागि कपडा खरिद गर्न योजना वडा नं. ३३	२२,२२३।००	

निर्णय नं. १३

पोखरा महानगरपालिका वडा नं. ३३ मा नेपाल टेलिकमको सेवा र गुणस्तरीयता बृद्धि गर्न उद्देश्यले उक्त वडामा टेलिफोन टावर निर्माण गर्न नेपाल टेलिकमले जग्गा माग गरेको र वडा कार्यालयको सिफारिस अनुसार पोखरा महानगरपालिका वडा नं. ३३ कि. नं. ४८५ क्षेत्रफल ६-६-२-० जग्गा मध्ये कालिका मन्दिरको उत्तर सरस्वती

टिका विद्यालयको गेटको पूर्वतर्फ ०-५-०-० जग्गा नेपाल टेलिकमको नाममा भोगाधिकार दिन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

निर्णय नं.१५

चालु आ.व. मा खर्च नहुने तपसिल बमोजिमका योजनाहरुको रकम तपसिल बमोजिम रकमान्तर/शीर्षक संशोधन गर्ने ।

ख. शी.	योजनाको नाम	विनियोजित बजेट रु.	रकमान्तर		कायम हुने बजेट
			घट	बढ	
	भुँगेखोला पुल वडा नं २१	१,००,००,०००।००	१०,००,०००।००	०	९०,००,०००।००
	वडा नं २१ कृष्ति नाच्ने चौर कार्यालयको कम्पाउण्ड निर्माण	०	०	१०,००,०००।००	१०,००,०००।००
	स्वेच्छिक अवकाश	८,००,००,०००.००	२५,००,०००।००	०	७,७५,००,०००।००
	५ वर्षे समिक्षात्मक पुस्तक प्रकाशन	०	०	१०,००,०००।००	१०,००,०००।००
	विविध			१५,००,०००।००	
	न्यायिक समिति सम्मेलन	५,००,०००।००	०	२०,००,०००।००	
३१११२	नगर प्रहरी ब्यारेक निर्माण	८०,००,०००।००	१०,००,०००।००	०	७०,००,०००।००
२२२३१	निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार	१२,००,०००।००	०	१०,००,०००।००	२२,००,०००।००
३११५६	बाँझी पोखरी संरक्षण वडा नं.२१	२,००,०००।००	२,००,०००।००	०	०
	मैदान देउराली मरमत तथा ढुंगेधारा जडान वडा नं. २१	०	०	१,३०,०००।००	१,३०,०००।००
	रामदी एकहाते चौतारा निर्माण वडा नं. २१	०	०	७०,०००।००	७०,०००।००

निर्णय नं.१६

संविधानको अनुसूची-८ मा उल्लिखित स्थानीय तहको अधिकार सूची एवं शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम दिग्दर्शन, २०७६ को व्यवस्था बमोजिम पोखरा महानगरपालिकामा स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने अधिकार रहेको छ । पोखरा महानगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुमा स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्नका लागि विज्ञ समुहद्धारा तयार गरिएको कक्षा ६,७ र ८ को स्थानीय पाठ्यक्रम स्वीकृत गरी शैक्षिक सत्र २०७९ देखि लागू गर्ने ।

निर्णय नं.१६

साविक पोखरा उप-महानगरपालिका वातावरणीय सुधार आयोजनासँग १४ मार्च २००१ मा संझौता गरी निर्धारित समयमा कार्य सम्पन्न गरेको कमल पोखरी निर्माण सेवा प्रा.लि.लाई आयोजनाले भुक्तानी दिन बाँकी रकम रु. २३,३८,५७२।७२ को सम्बन्धमा उल्लिखित कमल पोखरी निर्माण सेवा प्रा.लि.ले सम्झौता अनुसार ब्याज समेत भराई पाउँ भनी दिएको परमादेश मुद्दामा सम्मानित सर्वोच्च अदालतको मिति २०७४ पौष १७ गते भएको परमादेशमा "रिट निबेदकले सम्झौता बमोजिमको कार्य सम्पन्न गरेको देखिएको र पटक पटक भुक्तानीको लागि निबेदन दिँदा समेत विपक्षी पोखरा उप-महानगरपालिकाले रकम भुक्तानी गरेको देखीन नआएकाले निबेदकले संझौता बमोजिमको पाउनु पर्ने रकम अविलम्ब भराई दिनु भनि विपक्षी मध्येका पोखरा महानगरपालिकाको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ ।" भन्ने फैसला अन्तिम रहेको र सो बमोजिम पोखरा महानगरपालिकाले समयमा रकम नदिएको भनी विपक्षी कमलपोखरी निर्माण सेवा प्रा.लि.ले मिति २०७६ फागुन १२ गते पोखरा महानगरपालिकालाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतको आदेशको अवहेलना मुद्दा दिएको र मिति २०७७/६/१९ गते फैसला बमोजिम रकम भुक्तानी प्राप्त भए अवहेलनाको मुद्दा फिर्ता लिने प्रतिबद्धतापत्र पेश गरेको देखिएकाले अवहेलना मुद्दा फिर्ता लिई प्रमाण सहित निबेदन दिएमा नियमानुसार हिसाव गणना गरी फैसला बमोजिम रकम भुक्तानीको व्यवस्था गर्ने ।

निर्णय नं.१७

पोखरा महानगरपालिकाको मापदण्ड सम्बन्धी बनेको नियम, २०७५ को नियम १५ मा तपसिल बमोजिम संशोधन गर्ने ।

हालको व्यवस्था	संशोधित प्रावधान	संशोधन/स्पष्ट गर्नुपर्ने कारण
नियम १५: १७ मिटर देखि ३४ मिटर (भर्‌याङ्गको छत सहित) सम्मको अग्ला भवन वा ५० इकाई आवास सम्मको भवन निर्माणको हकमा न्यूनतम सेटब्याक ५ मिटर र सो भन्दा अग्ला भवनहरुको लागि सेटब्याक १:४ (H:V) हुने गरी प्राविधिक समितिको निर्णय बमोजिम स्वीकृती दिइनेछ" ।	नियम १५: १७ मिटर वा ५ तला सम्मका भवनमा (भर्‌याङ्ग वा लिफ्ट कभर लाई उचाईमा गणना नहुने), ३४ मिटर (भर्‌याङ्गको छत सहित) सम्मको अग्ला भवन वा ५० इकाई आवास सम्मको भवन निर्माणको हकमा न्यूनतम सेटब्याक ५ मिटर र सो भन्दा अग्ला भवनहरुको लागि सेटब्याक १:४ (H:V) हुने गरी प्राविधिक समितिको निर्णय बमोजिम स्वीकृती दिइनेछ" ।	Nepal National Building Code NBC 2015 को बुँदा नं 1.1.3 को भवन उचाई शीर्षकमा १७ मिटर सम्मका ५ तले भवनको हकमा उचाईमा भर्‌याङ्ग/लिफ्टको छत बाहेक हुनसक्ने उल्लेख भएकोले सोही बमोजिम ५ तला वा १७ मिटर सम्मको भवनको उचाई र Setback लाई उल्लिखित प्रावधानसँग मिलान गर्न आवश्यक भएकोले ।

निर्णय नं.१८

पोखरा महानगरपालिकाको अस्पताल व्यवस्थापन निर्देशिका, २०७५ मा भएका देहायको दफालाई देहाय बमोजिम संशोधन गर्ने ।

हालको व्यवस्था	संशोधित प्रावधान	संशोधन/स्पष्ट गर्नुपर्ने कारण
दफा ९ उपदफा (२): कोषको आन्तरिक लेखा परीक्षण दर्तावाल लेखापरीक्षकबाट गराउनुपर्नेछ ।	दफा ९ उपदफा (२): कोषको आन्तरिक लेखा परीक्षण महानगरको आन्तरिक लेखापरीक्षण शाखाबाट गराउनुपर्नेछ ।	महानगरपालिकामा आ.ले.प. शाखा भएको र स्थानीय स्रोतको लेखापरीक्षण गर्ने कार्यमा एकरुपता कायम गर्न आवश्यक भएकोले ।

निर्णय नं. १५

देहायका ठेक्का सम्झौता भएका योजनाको म्याद तथा थप म्याद समेत विविध कारणले कार्य सम्पन्न हुन नसकेको र म्याद थप भएमा तोकिएको समय सीमा भित्र कार्य सम्पन्न हुने प्राविधिक प्रतिवेदन एवं निर्माण व्यवसायी/आपुर्ति कर्तावाट प्रतिबद्धता समेत प्राप्त भएकाले ती ठेक्का सम्झौताको म्याद सार्वजनिक खरिद ऐन, नियमावली, २०६४ को नियम १२० को उपनियम (४) बमोजिम थप गर्ने ।

सि. नं.	आयोजनाको नाम	ठेक्का नं.	सम्झौता मिति	अन्तिम कायम मिति (थप समेत)	सम्झौता रकम	थप गर्नुपर्ने म्याद	कारण	कैफियत
1.	Upgrading of RTO Road , PMC-7 , 17	165/PMC /NCB/W/ 075-076	2076/05/26	2078/12/30	8,12,88,825.67	२०७९ जेठ ३१ गते	समयमा नै सार्वजनिक जग्गामा परेका घरहरु भत्काई साइट दिन नसकिएको	
2.	Upgrading of Manipal Ryalchaur Mauja Bisauna Siklesh Road (3+500-5+000 from kahun Bridge), PMC-20	92/PMC/ NCB/W/0 77-078	2078/04/12	2078/12/15	1,07,63,464.55	२०७९ जेठ १५ गते	भलाम मौजामा आएको बाढी पहिरोका कारण काम सुचारु हुन नसकेको	
3.	Works of Bharatpok hari Kristi Nirmalpok hari Water Supply and Sanitation Project, PMC-21,33	174/PM C/SO/G/ 075-076		2078/12/12	16,87,865.86	२०७९ जेठ ३१ गते	खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयबाट समयमा पाइप उपलब्ध नभएको कारण	
4.	सहरी सडक अस्फाल्ट	10/PMC/ NCB/W/	2076/10/2 6	2079/01/26	17,70,52,045.38	२०७९ बैशाख २८	कोभिड संक्रमणका	

अनुसूचि-१

अनुसूची २

पोखरा महानगरपालिका र फेवा सिल्टेसन प्रा.लि. बीच मिति २०७८/२/१७ मा गरिएको सम्झौताको संशोधन विवरण

१. सम्झौताको दफा १ मा संशोधन:

(१) दफा (१) को खण्ड (च) को उपखण्ड (१) (ख) मा भएका Launching Apron पछिको वाक्याँशको सट्टामा "खहरे खोला र हर्पन खोलाको दोबिल्लासम्मको खोला क्षेत्र" भन्ने वाक्याँश थप गर्ने ।

(२) दफा १ को खण्ड (च) मा रहेको "उपभोग" भन्ने शब्द वाक्यांशबाट हटाउने ।

(३) दफा १ को खण्ड (च) को उपखण्ड (२) (ख) मा अँधेरी खोलामा बनेको सिल्टेसन ट्रापको (ख) मा भएका "पूर्वतर्फ कार्कीको तहरा मगर बस्ती पश्चिमतर्फ लामापाटन ठूलाखेत र दक्षिणतर्फ मार्से खोलासम्मको खोला क्षेत्र ।" भन्ने शब्दहरु हटाई "पूर्वतर्फ कार्कीको तहरा ठाडोबाँध, पश्चिमतर्फ धारापानी धानखेत पकेट क्षेत्रको सीमाना र दक्षिणतर्फ हर्पन र अँधेरी खोलाको दोभान खोला क्षेत्र ।" भन्ने शब्दहरु राख्ने ।

(४) दफा १ को खण्ड (च) को उपखण्ड (३) (ख) को वाक्याँशको सट्टा "उत्तरतर्फ सिल्टेसन ट्रयापबाट १०० मिटर सममको माथिसम्म खोला क्षेत्र" भन्ने वाक्याँश राख्ने ।

(५) दफा १ को खण्ड (च) को उपखण्ड (३) (ग) को सट्टा "उतर तर्फ सिल्टेसन ट्रापबाट १०० मिटर माथि सम्मको खोला क्षेत्र" भन्ने वाक्याँश राख्ने ।

(६) दफा १ को खण्ड (च) को उपखण्ड (५) को सट्टा "आयोजना क्षेत्रबाट नदीजन्य सामग्री संकलन, उत्खनन, प्रशोधन र निकासी गर्नका लागि ४ वटा सिल्टेसन ट्रयाप (ड्याम) क्षेत्रको साथै महानगरपालिकाले स्वीकृत गर्ने दफा ३ को खण्ड (झ) बमोजिमको क्षेत्र समेतलाई बुझाउनेछ । सम्झौतामा जुनसुकै कुरा लेखिएको भएतापनि आयोजना क्षेत्रको सिल्ट्रेसन ट्राप बाहेक अन्य क्षेत्रबाट सामग्री उत्खनन्, संकलन र निकासी गर्न पाइने छैन । तर नदीमा तटबन्धन तथा नदी नियन्त्रण कार्य गर्न बाधा पुऱ्याएको मानिने छैन ।"

(७) दफा १ को खण्ड (च) को उपखण्ड (ज्ञ) (४) पछि देहायको बुँदा (ज्ञ) (५) बुँदा थप गरिएको छ:

(५) चार वटा सिल्टेशन ड्याम तथा अब थप निर्माण हुने ड्याम क्षेत्र बाहेक अन्यत्रबाट निर्माण सामग्री उत्खन्न तथा संकलन गर्न पाइनेछैन ।"

२. सम्झौताको दफा ३ मा संशोधन:

(१) दफा ३ को खण्ड (ङ) को अन्तिम हरफमा रहेको "अस्फाल्ट प्लान्ट" शब्द झिक्ने ।

(२) दफा ३ को खण्ड (ट) पछि देहायको खण्ड (ट१) थप गर्ने:

"(ट१) फेवाताल पुरिनबाट जोगाउनका लागि चार वटा स्रोत नदीमा बनेका सिल्टेसन ड्यामहरुमा जम्मा हुने सामग्री (ढुङ्गा, गिट्टी, बालुवा आदि) वर्षातको समय (असार, साउन र भदौ महीना) समेत सबै याममा उत्खनन, संकलन, प्रशोधन र निकासी गर्ने प्रकृतिको भएको हुँदा हेभी मेशिन तथा औजारहरुको प्रयोग गर्ने कार्यलाई जनाउनेछ ।"

३. सम्झौताको दफा ३४ मा संशोधन:

(१) उपदफा (६) पछि देहायका उपदफा (६क), (६ख), (६ग) र (६घ) थप गर्ने:

	ओभरले योजना	076-77		-		गते	कारण लकडाउन र वर्षातका कारण	

"(६क) ड्यामको गहिराइ (जग) भन्दा माथि कम्तीमा एक मिटर रहने गरी उत्खनन गर्न पाइने ।

(६ख) स्थानीय आवश्यकता बमोजिम सामुदायिक विकासका कार्यक्रम सञ्चालन गर्न कुल नाफाको एक प्रतिशत रहने गरी व्यावसायिक सामाजिक जिम्मेवारी (CSR) कोषको स्थापना दोस्रो पक्षले गर्ने ।

(६ग) स्थानीय बासिन्दालाई गैह्व्यावसायिक प्रयोजनको लागि निर्माण सामग्री आवश्यक पर्दा प्रचलित बजार मूल्य भन्दा दश प्रतिशत छुटमा सामग्री उपलब्ध गराउनु पर्ने ।

(६घ) आयोजना प्रभावित क्षेत्रमा बिना टेन्डर स्थानीय उपभोक्ताहरु एवं समितिले परोपकारी सामुदायिक तथा धार्मिक संस्थाहरुको भवन निर्माण गर्दा वा संरचना बनाउदा लागत मूल्यमा दोस्रो पक्षबाट उत्पादित नदीजन्य सामग्री बीस प्रतिशत छुट दिई उपलब्ध गराउनुपर्ने ।"

४. सम्झौताको अनुसूची १ मा संशोधन: अनुसूची १ को सट्टा देहायको अनुसूची १ राखिएको छ:

"अनुसूची १

रोयल्टी भुक्तानीको तालिका

दोस्रो पक्षले प्रथम पक्षलाई बुझाउनुपर्ने रोयल्टीको सालबसाली तालिका यस प्रकार रहेको छ:

वर्ष	रोयल्टी रकम	भुक्तानी तालिका	कैफियत
१	१३०१०६२५।००	सम्झौतापूर्व	
२	१३०१०६२५।००	दुई किस्तामा अग्रीम	
३	२६०२१२५०।००	चार किस्तामा अग्रीम	
४	२६०२१२५०।००	चार किस्तामा अग्रीम	
५	२६०२१२५०।००	चार किस्तामा अग्रीम	
६	२६८०१८८७।५०	चार किस्तामा अग्रीम	
७	२७६०५९४४।१३	चार किस्तामा अग्रीम	
८	२८४३४१२२।४५	चार किस्तामा अग्रीम	
९	२९२८७१४६।१२	चार किस्तामा अग्रीम	
१०	३०१६५७६०।५१	चार किस्तामा अग्रीम	
११	३१०७०७३३।३२	चार किस्तामा अग्रीम	
१२	३२००२८५५।३२	चार किस्तामा अग्रीम	
१३	३२९६२९४०।९८	चार किस्तामा अग्रीम	
१४	३३९५१८२९।२१	चार किस्तामा अग्रीम	
१५	३४९७०३८४।०९	चार किस्तामा अग्रीम	
१६	३६०१९४९५।६१	चार किस्तामा अग्रीम	
१७	३७१०००८०।४८	चार किस्तामा अग्रीम	
१८	३८२१३०८२।८९	चार किस्तामा अग्रीम	
१९	३९३५९४७५।३८	चार किस्तामा अग्रीम	
२०	४०५४०२५९।६४	चार किस्तामा अग्रीम	

२१	४१७५६४६७।४३	चार किस्तामा अग्रीम	
२२	४३००९१६१।४५	चार किस्तामा अग्रीम	
२३	४४२९९४३६।२९	चार किस्तामा अग्रीम	
२४	४५६२८४१९।३८	चार किस्तामा अग्रीम	
	७७७२६४४८२।१७	जम्मा	